# बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## नवलपरासी (बर्दघाट – सुस्ता पश्चिम)

### लुम्बिनी प्रदेश, नेपाल

(प्रशासन शाखा)

पत्र संख्याः-२०८२/०८३
च.नं.

प्रथम पटक प्रकाशित मिति : २०८३।०२।२१

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

प्रस्तुत विषयमा स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८२ अनुसार यस कार्यालयको मिति २०८३।०२।२० को निर्णय बमोजिम एक पालिका एक भेटेरिनरी डाक्टर कार्यक्रम अन्तर्गत तपसिल अनुसारको कर्मचारी सेवा करारमा आवश्यकता परेको हुनाले योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | करार अवधि | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|
| १ | ०८/२०८२/०८३ | पशु चिकित्सक | १ | करार सम्झौता अनुसार | बर्दघाट नगरपालिका अन्तर्गत रहेका पशु सेवा केन्द्रहरुमा |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :**

- मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको र नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको ।

२. **दरखास्त दिने स्थान :** बर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ।

३. **दरखास्त दिने अन्तिम मिति :** २०८३।०३।०४ कार्यालय समय भित्र । (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट दरखास्त फारम बुझाउन सकिनेछ।)

४. **आवेदन दस्तुर :** रु. १०००।- मात्र ।

५. **छनौटको किसिम :** बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि (तेस्रो संशोधन), २०८२ र स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८२ अनुसार लिखीत परीक्षा, सीप परिक्षण (कम्प्युटर) र अन्तरवार्ता ।

६. **आवेदन साथ संलग्न कागजातहरु :** शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, समकक्षता आवश्यक भएमा सोको प्रतिलिपि, परिषदमा दर्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपी, अनुभव खुल्ने कागजातको प्रतिलिपि र ३ प्रति पासपोर्ट साइजको फोटो पेश गर्नुपर्नेछ। प्रतिलिपिको पछाडी उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ।

७. **पारिश्रमिक तथा सेवा सुविधा :** स्थानीय सेवाको अधिकृतस्तर छैठौं वा सो सरहको हुनेछ ।

८. **उमेर हद :** २१ बर्ष पूरा गरी पुरुषको हकमा ३५ बर्ष र महिलाको हकमा ४० बर्ष ननाघेको ।

९. **लिखित परिक्षा तथा अन्तरवार्ता मिति :** पछि प्रकाशन गरिनेछ ।

१०. **आवेदन फारम :** नगरपालिकाको वेभ पेज तथा यसै सूचना साथ संलग्न QR कोडबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

११. **कार्यानुभव सम्बन्धमा :** सार्वजनिक निकायमा कार्यरत सेवा अवधिलाई मात्र गणना गरिने छ।

अन्य विस्तृत जानकारीको लागि :

सूचना अधिकारी श्री पुष्कर काफ्ले : ९८४७०४११८७, ९८६२९३२७९३

**बोधार्थः-** श्री सूचना प्रविधि शाखा, बर्दघाट नगरपालिका :- वेभसाइट र फेसबुक पेजमा अपलोड गरिदिनुहुन ।

bitly

प्रमुख प्रशासकीय अधिकृत